# विषादी अवशेष द्रुत विश्लेषण कार्यक्रम संचालन निर्देशिका, २०७५

(नेपाल सरकार मा. मन्त्रीस्तर बाट स्वीकृत मिति २०७५।३।२० )

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

**केन्द्रीय कृषि प्रयोगशाला**

हरिहरभवन, ललितपुर

नेपाल सरकार (मन्त्रीस्तर) मिति को निर्णयानुसार स्वीकृत

# विषादी अवशेष द्रुत बिश्लेषण कार्यक्रम संचालन निर्देशिका, २०७५

**प्रस्तावना**

बाली बिरुवामा शत्रुजीवहरु नियन्त्रण गर्न प्रयोग गरिएका रसायनिक विषादीहरु सबै तत्काले विखण्डन भएका हुँदैनन् । विषादीहरुको प्रकृति र वातावरणीय प्रभाव अनुसार विषादीहरुको बालीमा रहने अवशेष मात्रा एवं अवधी पनि फरक-फरक हुन्छ । ताजा तरकारी लगायत तत्काल उपभोग गरिने कृषि उपजमा रहेको रसायनिक विषादीहरु उपजको उपभोग संगै मानव शरिरमा प्रवेश गर्छ । रसायनिक विषादीहरु मानव स्वास्थका लागि घातक हुन्छन् । मारक मात्रा र प्रकृति अनुसार विषादीले मानव स्वास्थमा पार्ने असर पृथक हुन्छ । कृषि उपजको गुणस्तरलाई विषादी अवशेषको मात्राले प्रभाव पार्दछ । नेपालमा आपुर्ति गरिने विषादीको अधिकतम मात्रा तरकारी उत्पादनमा खपत हुने अनुसन्धानबाट देखिएको परिप्रेक्षमा रसायनिक विषादीको असान्दर्भिक प्रयोग र यसवाट जनस्वास्थ्यमा पर्ने कुप्रभावलाई निरुत्साहित गर्ने अभिप्रायले तरकारी, फलफुल आदि तत्काल उपभोग गर्न सकिने कृषि उपजको थोक वजारलाई नै लक्षित गरी स्थलगत रुपमा शीघ्र बिश्लेषण गर्न खाद्य ऐन २०२३, उपभोक्ता संरक्षण ऐन २०७५, जीवनाशक विषादी नियमावली २०५०, वातावरण संरक्षण ऐन, २०५३, स्थानीय प्रशासन ऐन, २०२८ ले गरेको व्यवस्था, समेतका आधारमा "विषादी अवशेष द्रुत बिश्लेषण कार्यक्रम संचालन कार्यबिधि २०७१ (प्रथम संशोधन २०७४)" नेपाल सरकारवाट स्वीकृत भई देशका विभिन्न स्थानमा प्रयोगशालाहरु संचालनमा रहेको अवस्था छ । हालको संघीय संरचना अनुरुप उक्त प्रयोगशालाहरु संचालनलाई व्यवस्थित गर्न उक्त कार्यविधिलाई परिमार्जन गरी निर्देशिकाको रुप दिन उपयुक्त देखि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले यस **विषादी अवषेश द्रुत बिश्लेषण कार्यक्रम संचालन निर्देशिका २०७५** तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम "**विषादी अवषेश द्रुत बिश्लेषण कार्यक्रम संचालन निर्देशिका २०७५**" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यो निर्देशिकामा -

क. **"विषादी अबशेष द्रुत विश्लेषण"** भन्नाले उपभोगका लागि तयार भएका ताजा कृषि उपजमा तोकिएको मापदण्ड अनुसारको विषादीले गर्ने असर वा विषादीको मात्रा शिघ्र पत्ता लगाउने कार्य वा विधि सम्झनु पर्छ।

ख. **"रुकावट प्रतिशत** (Inhibition Percentage)" भन्नाले विषादीको कारणले मानिस वा जनावरमा हुने ईन्जाईम कोलिनस्टरेजको उत्पादन तथा सञ्चालनमा विषादीले गर्दा रोकिने प्रकृया वा रोकिने दरलाई सम्झनु पर्छ ।

ग. **"विरुवा उपज"** भन्नाले वनस्पतिजन्य उत्पादन तथा उप-उत्पादन जुन उपयोगका लागि योग्य मानिएको छ सोलाई सम्झनु पर्छ ।

घ. **"विसर्जन"** भन्नाले परिक्षण गर्दा खान अयोग्य देखिएका वनस्पतिजन्य उत्पादन तथा उप-उत्पादनको सुरक्षित तवरले नष्ट गरिने कार्यलाई सम्झनु पर्छ ।

ङ. **"विषादी"** भन्नाले वीऊ र विरुवा बन्ने भाग, विरुवा, रुख, पशुपंछी, कृषिजन्य पदार्थ, वन तथा वन पैदावर, जनस्वास्थ्य र निर्माण कार्य एवं मौरी तथा च्याउमा हानी पु-याउने रोग, कीरा, सुलसुले र अन्य हानीकारक बस्तुबाट बचाउन प्रयोग गरिने जैविक तथा रसायनिक पदार्थ त्यस्ता रोग, कीरा, सुलसुले र अन्य हानीकारक बस्तुहरुलाई आकर्षण वा बिकर्षण गर्ने पदार्थ (Attractant/repellants), फेरोमोन्स (Pheromones), त्यस्ता रोग, कीरा, सुलसुले र अन्य हानीकारक बस्तुको बृद्धि नियन्त्रण गर्ने पदार्थ (Insect Growth Regulator), बनस्पतिको बृद्धि नियन्त्रण गर्ने पदार्थ (Plant Growth Regulator), पातपतिङगर झार्ने पदार्थ (Defoliant), ओषिलोपन कम गर्ने तथा सुकाउने पदार्थ (Desiccant), फलफुलको संख्या पतल्याउने पदार्थ (Thinning Material) र समय नपुग्दै फलफुल झर्ने समस्या नियन्त्रण गर्ने उद्येश्यले प्रयोग गरिने पदार्थका अतिरिक्त बाली भित्र्याउनु अघि वा भित्राईसकेपछि भण्डारण र ओसार पसार गर्ने क्रममा कृषि उत्पादनमा पर्न सक्ने हानीलाई नियन्त्रण गर्न प्रयोग गरिने पदार्थ समेतलाई सम्झनु पर्छ ।

च. **"विषादी अवशेष"** भन्नाले वाली विरुवामा विषादी छरिसके पछि निश्चित समय सम्म सो विषादीको सक्रिय तत्वहरुको वालीमा रहेको मात्रा सम्झनु पर्छ ।

छ. **"Blank"** भन्नाले परिक्षण गर्नुपर्ने नमूना वाहेक अरु सवै आवश्यक रसायनहरु र विधिवाट तयार गरिएको सामाग्री सम्झनु पर्छ ।

ज. **"संघीय निर्देशक समिति"** भन्नाले कार्यक्रमलाई प्रभावकारी तवरले संचालन गर्नको लागि संघीय स्तरमा व्यवस्था गरिएको यस निर्देशिकाको दफा ४ को उपदफा (१) वमोजिमको समितिलाई सम्झनु पर्छ ।

झ. **“प्रादेशिक निर्देशक समिति”** भन्नाले प्रदेशस्तरका कार्यक्रमलाई प्रभावकारी तवरले संचालन गर्नको लागि सम्बन्धित प्रदेश स्तरमा व्यवस्था गरिएको यस निर्देशिकाको दफा ५ को उपदफा (१) वमोजिमको समितिलाई सम्झनु पर्छ ।

ञ. **“संचालक समिति”** भन्नाले विषादी अवशेष द्रुत बिश्लेषण सेवा संचालन एवं व्यवस्थापनको लागि व्यवस्था गरिएको यस निर्देशिकाको दफा ६ को उपदफा (१) बमोजिमको समितिलाई सम्झनु पर्छ ।

ट. **“प्रदुषित सामाग्री”** भन्नाले विषादी अवशेष द्रुत बिश्लेषणबाट तोकिएको सिमा भन्दा बढि मात्रामा वा रुकावट प्रतिशत भन्दा माथि विषादी अवशेष भएको कृषि उपज भन्ने सम्झनु पर्छ ।

ठ. **“संघीय मन्त्रालय”** भन्नाले संघीयस्तर कृषि तथा पशुपन्छी विकास मन्त्रालय भन्ने सम्झनु पर्दछ ।

ड. **“प्रादेशिक मन्त्रालय”** प्रदेशस्तर भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

**३. उद्देश्यः** यस निर्देशिकाका देहाय वमोजिमका उद्देश्यहरु रहने छन् -

(१) विषादी अवशेष विश्लेसन कर्यक्रम मार्फत उपभोगका लागि तयारी अवस्थामा रहेका कृषि उपजमा रसायनिक विषादीको अवशेष शीघ्र पत्ता लगाउनु,

(२) विषादी अवशेष बिश्लेषण कार्यक्रम सहज रुपमा संचालन गर्नु,

(३) विषादी अवशेषवाट सुरक्षित कृषि उपजको उपलव्धताको प्रत्याभूति गराउनु ।

(४) विषादीको अनुचित प्रयोगवाट जनस्वास्थ्य र वातावरणमा पर्ने प्रभावलाई न्यूनिकरण गराउनु ।

परिच्छेद -२

## समितिहरुको व्यवस्था, तिनिहरुको काम, कर्तव्य र अधिकार

**४. संघीय निर्देशक समितिको व्यवस्था**

(१) कार्यक्रमलाई प्रभावकारी तवरले संचालनका लागि आवश्यक मार्गनिर्देशन गर्न संघीय मन्त्रालय स्तरमा देहाय वमोजिमको पदाधिकारीहरु रहेको निर्देशक समिति रहनेछ -

क) अध्यक्षः सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

ख) सदस्यः सहसचिव, खाद्य सुरक्षा तथा खाद्य प्रविधी महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

ग) सदस्यः सहसचिव, गृह मन्त्रालय

घ) सदस्यः महानिर्देशक, कृषि विभाग

ङ) सदस्यः महानिर्देशक, खाद्य प्रविधी तथा गुण नियन्त्रण विभाग

च) सदस्यः प्रमुख, प्लान्ट क्वारेन्टाइन एवं विषादि व्यवस्थापन केन्द्र

छ) सदस्य सचिवः प्रमुख, केन्द्रीय कृषि प्रयोगशाला

(२) संघीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ -

क) प्रयोगशालाबाट संचालित विषादी विश्लेषण सेवाको अनुगमन र मुल्याङ्कन गर्ने तथा सरोकारवाला बीच समन्वय गर्ने ।

ख) परिक्षण सेवा परिष्कृत गर्न तथा सेवा बिस्तार गर्नको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ग) सेवा संचालनका लागि कार्यक्रम संचालन, नमूना संकलन, परिक्षण, विसर्जन, नतिजा सुरक्षण तथा संप्रेषण, शुल्क निर्धारण सम्बन्धि मापदण्ड तयार गर्ने ।

घ) समितिले आवश्यकता अनुसार समितिको बैठकमा बिशेषज्ञ बोलाउने, राय लिने, छलफल गराउने गर्न सक्नेछ ।

ङ) समितिको बैठक वर्षमा कम्तिमा एक पटक बस्नेछ र आवश्यक परेमा जुनसुकै वेला बस्न सक्नेछ ।

च) प्रयोगशाला संचालनको लागि आवश्यक नीति, कार्यक्रम, बजेट तथा जनशक्ति व्यवस्थापनको लागि पहल गर्ने ।

छ) समितिले आवश्यकता अनुसार निर्देशिका तथा कार्य संचालन मापदण्ड तयार गर्नेछ ।

ज) समितिको सचिवालयको कार्य केन्द्रीय कृषि प्रयोगशालाले गर्नेछ ।

झ) अध्यक्षसंग परामर्श गरी समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ञ) जीवनाशक विषादी ऐन, २०४८ परिमार्जनका लागि राय पेश गर्न सक्नेछ ।

## ५. प्रादेशिक निर्देशक समितिको व्यवस्था

(१) कार्यक्रमलाई प्रभावकारी तवरले संचालनका लागि आवश्यक मार्गनिर्देशन गर्न प्रादेशिक मन्त्रालय स्तरमा देहाय बमोजिमका पदाधिकारिहरु रहेको प्रादेशिक निर्देशक समिति रहनेछ-

क) अध्यक्षः सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

ख) सदस्यः प्रमुख, कृषि विकास निर्देशनालय

ग) सदस्यः प्रमुख, सुरक्षा समन्वय महाशाखा, आन्तरिक मामिला तथा कानुन मन्त्रालय

घ) सदस्यः प्रमुख, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय/डिभिजन कार्यालय

ङ) सदस्य सचिवः प्रमुख, बाली संरक्षण प्रयोगशाला

(२) प्रादेशिक निर्देशक समितिको काम, कर्तव्य र अधिकार

क) प्रयोगशालाबाट संचालित सेवाको अनुगमन र मुल्याङ्कन गर्ने तथा सरोकारवाला बीच समन्वय गर्ने ।

ख) प्रयोगशालामा आवश्यक बजेट तथा जनशक्ति व्यवस्थापनको लागि पहल गर्ने ।

ग) परिक्षण सेवा परिस्कृत गर्न तथा सेवा बिस्तार गर्नको लागि प्रादेशिक मन्त्रालयलाई सुझाव दिने वा सिफारिस गर्ने ।

ङ) समितिले आवश्यकता अनुसार समितिको बैठकमा विशेषज्ञ वोलाउने, राय लिने, छलफल गराउने गर्न सक्नेछ ।

च) समितिको बैठक आवश्यक अवस्थामा जुनसुकै वेला बस्न सक्नेछ ।

छ) संघीय निर्देशिकासंग नबाझिने गरि कार्य संचालन कार्यविधि तयार गरी सम्बन्धित प्रादेशिक मन्त्रालयवाट स्वीकृत गराई लागु गर्न सक्नेछ ।

ज) समितिको सचिवालयको कार्य प्रदेश स्तरिय बाली संरक्षण प्रयोगशालाले गर्नेछ ।

झ) अध्यक्षसंग परामर्श गरी समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

## ६. संचालक समितिको व्यवस्था

(१) काठमाडौं उपत्यका स्थित कालिमाटी फलफूल तथा तरकारी थोक वजारमा संचालन गरिने विषादी द्रुत विश्लेषण प्रयोगशालाको कार्यक्रमलाई प्रभावकारी तवरले संचालन गर्नको लागि देहाय वमोजिमको पदाधिकारीहरु रहेको संचालक समिति रहने छ -

क) अध्यक्षः अध्यक्ष, कालीमाटी फलफुल तथा तरकारी थोक वजार विकास समिति
ख) सदस्यः अधिकृत प्रतिनिधि, प्लान्ट क्वारेन्टाइन एवं विषादी व्यवस्थापन केन्द्र
ग) सदस्यः अधिकृत प्रतिनिधि, केन्द्रीय कृषि प्रयोगशाला
घ) सदस्यः अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ
ङ) सदस्यः उपभोक्ता अधिकारकर्मी मध्ये कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले मनोनयन गरेको प्रतिनिधी
च) सदस्यः प्रतिनिधी, विषादी ब्यवसायी महासंघ
छ) सदस्यः अधिकृत प्रतिनिधी, बाली संरक्षण प्रयोगशाला
ज) सदस्यः कृषि हेर्ने अधिकृत प्रतिनिधी, महानगरपालिका, काठमाण्डौ
झ) सदस्यः अधिकृत प्रतिनिधी, खाद्य प्रविधी तथा गुण नियन्त्रण विभाग
ञ) सदस्यः कार्यकारी निर्देशक, कालीमाटी फलफुल तथा तरकारी थोक वजार विकास समिति
ट) सदस्य-सचिवः प्रमुख, विषादी द्रुत विश्लेषण प्रयोगशाला

(२) देशका अन्य विभिन्न स्थानहरुमा रहेको/रहने विषादी द्रुत विश्लेषण प्रयोगशाला संचालनको लागि देहाय वमोजिमको पदाधिकारीहरु रहेको संचालक समिति रहनेछ -

क) अध्यक्षः उप-प्रमुख/उपाध्यक्ष, सम्बन्धित स्थानीय तह
ख) सदस्यः अधिकृत प्रतिनिधी, बाली संरक्षण प्रयोगशाला
ग) सदस्यः अधिकृत प्रतिनिधी, सम्बन्धित कृषि ज्ञान केन्द्र
घ) सदस्यः सम्बन्धित स्थानिय तहको कृषि शाखा प्रमुख
ङ) सदस्यः सम्बन्धित बजार सञ्चालक समितिको अध्यक्ष

च) सदस्यः अधिकृत प्रतिनिधी, जिल्ला प्रशासन कार्यालय

छ) सदस्यः प्रतिनिधी, जिल्लास्तर कृषक समुह संजाल/कृषक समुह महासंघ

ज) सदस्यः प्रतिनिधी, सम्बन्धित जिल्लास्तर विषादी व्यवसायी संघ

झ) सदस्यः उपभोक्ता अधिकारकर्मी

ञ) सदस्यः अधिकृत प्रतिनिधी, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय वा डिभिजन कार्यालय

ट) सदस्य-सचिवः प्रमुख, विषादी द्रुत विश्लेषण प्रयोगशाला

(३) संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

क) प्रयोगशालाबाट संचालित सेवाको अनुगमन र मुल्याङ्कन गर्ने तथा सरोकारवाला विच समन्वय गर्ने ।

ख) परिक्षण सेवा परिस्कृत गर्न तथा जनशक्ति व्यवस्थापन गर्न निर्देशक समितिमा सुझाव पेश गर्ने ।

ग) समितिको वैठक आवश्यक अवस्थामा जुनसुकै वेला वस्न सक्नेछ ।

घ) अध्यक्षसँग परामर्श गरी समितिको वैठक सदस्य सचिवले बोलाउनेछ ।

## परिच्छेद -३

## कार्यक्रम संचालन प्रक्रिया

### ७. प्रयोगशाला संचालन

(१) विषादी अवशेष द्रुत बिश्लेषण कार्यको लागि सम्बन्धित सरकारले आवश्यकता अनुसारको प्रयोगशालाहरु संचालन गर्न प्राबिधिक कर्मचारीको व्यवस्था गर्नेछ ।

(२) प्रयोगशाला प्रमुखको हकमा कम्तिमा कृषि सेवा बाली संरक्षण समुहको अधिकृत भै विषादी अवशेष द्रुत बिश्लेषणको तालिम प्राप्त गरेको हुनु पर्नेछ । सहायक कर्मचारीको हकमा वाली संरक्षण समुहको प्रा.स./ ना.प्रा.स. भै विषादी अवशेष द्रुत विश्लेषणको तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

(३) कार्य बोझ र आवश्यकता अनुसार परिक्षण प्रयोगशाला संचालनको लागि सम्बन्धित सरकारले आवश्यक संख्यामा कर्मचारीको व्यवस्था गर्नेछ ।

(४) परिक्षणको कार्य प्रकृति अनुसार यसलाई सहज र प्रभावकारी ढंगले संचालन गर्न प्राबिधिकको दक्षता अभिबृद्धि गरिनेछ ।

(५) आवश्यकता र क्षमतालाई मुल्याङ्कन गरेर प्रयोगशालाको स्तर अभिबृद्धि गरिनेछ ।

(६) स्थानीय आवश्यकता, माग र श्रोत साधनको उपलव्धताको आधारमा देशका विभिन्न भागमा प्रयोगशाला बिस्तार गरिनेछ ।

(७) कालीमाटी स्थित कालिमाटी फलफूल तथा तरकारी थोक वजारमा संचालन गरिने विषादी द्रुत विश्लेषण प्रयोगशालाले देशका अन्य भागमा संचालनमा रहने यस प्रकारका प्रयोगशालाहरुको प्राविधिक सेवा टेवा तथा प्राविधिक अडिट गर्नेछ ।

(८) विषादी द्रुत विश्लेषण प्रयोगशाला संचालन भएको स्थान जहाँ भए पनि सोही प्रदेशको अन्य तरकारी तथा फलफूल वजारमा वा अन्य स्थानमा सो प्रयोगशालाले अनुगमन गरी नमुना परिक्षण गर्न सक्नेछ ।

## ८. परिक्षणको लागि नमूना संकलन

(१) तोकिएको सम्बन्धित प्रयोगशालाको कर्मचारीले परिक्षणको लागि अनुसूचि १ अनुसारको फर्मेटमा नमूना संकलन गर्नेछ ।

(२) नमूना संकलन गर्दा लट /सवारी साधन)ह्रास/थुप्रो बाट सही प्रतिनिधित्व हुने गरी (अनुसूचि २ अनुसारको परिमाणमा गरिनेछ ।

(३) संवन्धित बिक्रेता, ठेकेदार, संकलक, थोक बिक्रेता र कृषकले परिक्षणको लागि आवश्यक परिमाणमा नमूना उपलव्ध गराउनु पर्नेछ । सो वापत कुनै मुल्य भुक्तानी गरिने छैन ।

## ९. विषादी अवशेष परिक्षण कार्य

(१) बढि उत्पादन हुने, बढि आयतनमा कारोबार हुने तथा अघिल्ला परिक्षणबाट प्रदुषित नतिजा प्रास सामाग्रीहरुलाई प्राथमिकता दिई परिक्षण गर्न नमूना संकलन गरिनेछ । जाँच परिक्षणको मापदण्ड अनुसार संकलित नमूनाहरु परिक्षण गरिनेछ ।

(२) परिक्षणबाट प्राप्त नतिजालाई रजिष्टर, कम्प्युटर तथा फायलमा अभिलेख राखिनेछ ।

(३) Spectrophotometer मार्फत अर्गानोफस्फेट (Organophosphate) र कार्वामेट (Carbamate) समूहका रासायनिक कीटनाशक (Insecticide) विषादी र ढुसीनाशक (Fungicide) विषादीको आवश्यकता अनुसार परिक्षण गरिनेछ ।

(४) DTC (Dithiocarbamate) Test Kit वाट Dithiocarbamate ढुसीनासक विषादी र PY (Pyrethoids) Test Kit वाट Pyrethroids समुहका रसायनिक कीटनाशक विषादीको आवश्यकता अनुसार परिक्षण गरिनेछ ।

(५) उपदफा ३ र ४ मा उल्लेखित विश्लेषण स्वीकृत कार्य सञ्चालन मापदण्ड (Standard Operating Procedure) अनुसार गरिनेछ । उपदफा (३) र (४) बाहेकका अन्य विषादी अवशेष द्रुत विश्लेषणको लागि कुनै नयाँ प्रविधि उपलव्ध भएमा सम्बन्धित निर्देशक समितिको निर्णय अनुसार कार्य सञ्चालन मापदण्ड (Standard Operating Procedure) अनुसार गरिनेछ ।

(६) उपदफा (३) र (४) बमोजिम परिक्षण गर्दा अनुसूचि ३, अनुसूचि ४ र अनुसूचि ५ को वुदाँ नंम्बर ३ अनुसारको नतिजा प्राप्त भएमा त्यस्ता कृषिजन्य वस्तुलाई अनुसूचि ६ वमोजिम मुचुल्का तयार गरि अन्य उपभोगमा प्रयोग नहुने गरी विर्सजन गर्नु पर्नेछ ।

(७) परिक्षणबाट प्राप्त नतिजाको प्रतिवेदन केन्द्रीय कृषि प्रयोगशाला, कालीमाटी स्थित कालिमाटी फलफूल तथा तरकारी थोक वजारमा संचालन गरिने विषादी द्रुत विश्लेषण प्रयोगशाला, प्रदेश स्तरिय बाली संरक्षण प्रयोगशाला र सम्बन्धित बजार बिकास समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(८) संकलित नमूनाहरुको आवश्यकता अनुसार संरक्षण गरी राख्नु पर्ने अवस्थामा आफ्नै प्रयोगशालामा संरक्षण गरी वढिमा ७ दिन सम्म राखिनेछ र काठमाण्डौ उपत्यकाको हकमा संरक्षणको सुबिधा रहेको नेपाल सरकारको खाद्य प्रबिधि तथा गुण नियन्त्रण विभागमा रहेको प्रयोगशालामा पनि राख्न सकिनेछ ।

(९) अनुगमनको रुपमा नाकाहरु, संकलन केन्द्र, तरकारी वजार तथा कृषकको खेतवारीमा घुम्ती परीक्षण संचालन गर्न सकिनेछ ।

## १०. कार्यक्रम कार्यान्वयन

(१) कृषि तथा पशुपन्छी विकास मन्त्रालय,कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला , सम्बन्धीत प्रदेशस्तरीय कृषि विकास निर्देशनालय, वाली सरक्षण प्रयोगशाला, कृषि ज्ञान केन्द्र, वजार विकास समिति, विषादी व्यवसायी संघ, गाउ/नगरपालिका, कृषक समुह/सहकारी, उपभोक्ता संगठनहरु लगायतका कृषिसंग सम्बन्धित सरोकारवालाहरु मार्फत उत्पादन तथा आपुर्ति हुने पकेट क्षेत्र तथा स्थानहरुमा आवश्यकता अनुसार सचेतना कार्यक्रम संचालन गरिनेछ ।

(२) प्रयोगशालावाट विषादी विश्लेषण परिक्षण गर्दा अनुसूचि ३, अनुसूचि ४ र अनुसूचि ५ अनुसारको मापदण्ड अनुसार गरिनेछ ।

(३) प्रयोगशालाबाट विषादी विश्लेषण परिक्षणको नतिजा प्राप्त नहुँदासम्म नमूना लिईएका कृषि उपजका लटहरुलाई विक्रि वितरण गर्नवाट रोक लगाउने व्यवस्था स्थानिय प्रशासनको सहयोगमा वजार विकास समितिले गर्नेछ ।

(४) परिक्षण गर्दा खान अयोग्य सूचकको नतिजा प्राप्त भएमा सो नमूना लिएको लट विसर्जन गरी सो सामाग्रीको आपूर्तिकर्तालाई प्रथम पटक मौखिक रुपमा, दोश्रो पटक लिखित रुपमा सचेत गराइनेछ ।

(५) उपदफा (४) बमोजिम लिखित रुपमा सचेत गराउँदा समेत अधिक मात्राको विषादी अवशेषयुक्त नतिजा प्राप्त भएमा उक्त कृषि उपज उत्पादनकर्ता वा संकलक वा थोक व्यापारीलाई बिक्रि बितरण गर्न वजार विकास समितिले निषेध गरी अभिलेखमा राख्नेछ ।

(६) अनुसुची ३, ४ र ५ को मापदण्ड वमोजिम परिक्षणको नतिजा अनुसार सो लटको क्वारेन्टीन गर्नु पर्ने वा विसर्जन गर्नु पर्ने भएमा सोको जिम्मा सम्बन्धित वजार विकास समितिले लिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम विसर्जन गर्नु पर्ने कृषि उपज विर्सजन गर्नका लागि विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालाबाट वजार विकास समितिलाई जानकारी पत्र पठाउनु पर्नेछ । स्थानीय प्रशासन कार्यालय र सम्बन्धित नगरपालिका वा गाँउपालिकाको समन्वयमा वजार विकास समितिले अनुसूचि ६ अनुसारको मुचुल्का तयार गरी सो नमूना लिइएको लट अबिलम्ब विर्सजन गर्नु पर्नेछ ।

## ११. अध्ययन अनुसन्धान तथा जनचेतना कार्यक्रम

(१) कार्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन एवं बिस्तार गर्नको लागि बिषय वस्तुसंग संम्वन्धित बिषयमा निरन्तर रुपमा अध्ययन अनुसन्धान गरिनेछ ।

(२) प्रयोगशालाको प्रभाव क्षेत्रमा विषादी न्यूनीकरणलाई प्रभावकारी वनाउन प्रयोगशालाले आफ्नो श्रोत र साधन अनुसार विभिन्न कार्यक्रमहरु वनाई संचालन गर्न सक्नेछ ।

## १२. प्रयोगशाला संचालन र कर्मचारी सम्बन्धी व्यवस्था

(१) प्रयोगशाला संचालन र सो को लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था सम्बन्धित संघीय तथा प्रादेशिक मन्त्रालयले गर्नेछ ।

(२) प्रयोगशालामा काम गर्दा रसायनको दुस्प्रभावबाट कार्यरत कर्मचारीको स्वास्थ्यमा पर्न सक्ने हानी नोक्शानी वापत दिइने जोखिम भत्ता अर्थ मन्त्रालयले तोके बमोजिम हुनेछ ।

परिच्छेद -४

विविध

## १३. दण्ड सजाय

(१) यस निर्देशिका बमोजिमको प्रयोगशाला संचालनमा बाधा अड्चन पुर्याउने तथा विरुद्ध कार्य भएको ठहर भएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

## १४. बाधा अड्काउ फुकाउने

(१) यो निर्देशिका कार्यन्वयन गर्ने क्रममा कुनै द्विविधा वा वाधा उत्पन्न भएमा त्यस्तो द्विविधा वा वाधा अडकाउ फुकाउने अधिकार सम्बन्धित मन्त्रालयलाई हुनेछ ।

## १५. खारेजि र बचाउ

(१) यो निर्देशिका लागू भएसंगै "विषादी अवशेष द्रुत बिश्लेषण कार्यक्रम संचालन कार्यबिधि २०७१, (प्रथम संशोधन २०७४)" खारेज गरिएको छ ।

(२) "विषादी अवशेष द्रुत बिश्लेषण कार्यक्रम संचालन कार्यबिधि २०७१, (प्रथम संशोधन २०७४)" बमोजिम भए गरेका काम कारवाहि यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## १६. प्रचलित कानून वमोजिम हुने

(१) यस निर्देशिकामा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र यस निर्देशिकामा उल्लेख नभएका विषयहरुको हकमा विद्यमान प्रचलित ऐन, कानून, नियम वमोजिम हुनेछ ।

सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची १

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला

.....................

## नमुना संकलन फर्मेट

जाँचको किसिमः नियमित/छडके/अनुगमन

स्थान/वजारको नामः

नमूना नंः ........................................... मितिः .................................

वालीको नामः .................................... जातः ..................................

पसल नं/ढुवानी साधन नंः ......................................................................

पसल सञ्चालक/वितरक/सवारी चालक/कृषकको नामः ........................................................

उत्पादित क्षेत्रः ....................................................................................

कृषक/कृषक समुह/संकलन केन्द्रको नामः ................................................

ठेगानाः .............................................................................................

कृषक परिचय पत्र नंः ..........................................................................

संकलित नमूनाको लटको परिमाण/संख्याः .........................................................................

.......................
नमूना दिनेको
नामः
ठेगानाः

.........................
नमुना लिनेको
नामः
पदः
कार्यालयः

अनुसूचि–२

(दफा ८ को उपदफा २ संग सम्बन्धित)

# विश्लेषणको लागि लिइने तरकारीको नमूनाको आवश्यक परिमाण

| S.N. | Crop | Sample quantity for one sample | | | Sample no | Remarks |
|---|---|---|---|---|---|---|
| | | No. | | Wt. | | |
| **1. Cole crops** | | | | | | |
| 1.1 | Cauliflower, Cabbage, Broccoli, Chinese cabbage, etc | 2 | Head | not less than 250g | One sample for less than 15 quintal and two sample for more than 15 quintal. | The size of sample must be equivalent to the size of maximum number of size of edible products. |
| 1.2 | Turnip, Radish etc. | 2 -6 | Root with or without leaf | not less than 250g | " | " |
| **2. Fruit crops** | | | | | | |
| 2.1 | Brinjal, Sweet pepper | 4-6 | Fruit | not less than 250g | " | " |
| 2.2 | Tomato, Okra, Hot pepper, garden pea | 6-20 | Fruit | not less than 250g | " | " |
| **3. Cucurbits** | | | | | | |
| 3.1 | Pumpkin | 1-2* | Fruit | more than 500g | " | *If bigger size than weight basis |
| 3.2 | Squash, bottle gourd, Sponge gourd, cucumber Chayote etc | 2-3 | Fruit | not less than 500g | " | The size of sample must be equivalent to the size of maximum number of size of edible products. |
| 3.3 | Bitter gourd, pointed gourd, etc. | 3-8 | Fruit | not less than 250g | " | " |
| **4. Leafy vegetable** | | | | | | |
| 4.1 | Small: Spinach, Garden cress, Amaranth, Mustard etc | 10-25 | Leaves/ Shoot /whole plant with or without root | not less than 250g | " | " |
| 4.2 | Medium to big: Broad Leaf mustard, Curly mustard, garden lettuce, spring onion, green garlic, leafy cucurbits | 5-6 | Leaves/ shoot/ Whole plant with or without root | not less than 250g | " | " |
| 5. | Beans (Yard long bean, cowpea, Broad bean, butter bean, sword bean etc.) | 15-25 | Whole pod | not less than 250g | " | " |
| 6. | Carrot, Taro | 5-10 | Root/ rhizome | not less than 250g | One sample for less than 30 quintal and two sample for more than 30 quintal. | " |
| 7 | Potato, onion | 5-10 | Tuber/ bulb | not less than 250g | | " |
| 8 | Garlic, ginger, etc. | 5-10 | bulb, rhizome | Not less than 250g | | " |
| 9 | Drum stick | 5-15 | Pod | not less than 250g | | " |
| 10 | Others edible Crops, Fruits and Vegetable | | | not less than 250g | | As per required and recommended by committee |

कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची-३

(दफा ९ को उपदफा (६) र दफा [illegible]को उपदफा (२) संग सम्बन्धित)

# विषादी अवशेष द्रुत विश्लेषण परिक्षण नतिजाको मापदण्ड

१. **Inhibition %** : ३५ प्रतिशत भन्दा कम - उपभोग योग्य हुने

२. **Inhibition %** : ३५ - ४५ प्रतिशत, ४-५ दिन क्वारेन्टिनमा राखी पूनः परिक्षण गरी ३५ प्रतिशत भन्दा कम आएमा उपभोग योग्य हुने ।

३. **Inhibition %** : ४५ प्रतिशत भन्दा माथी उपभोगको लागि अयोग्य हुने र उक्त कृषि उपजलाई विसर्जन गर्ने ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूचि-४

(दफा ९ को उपदफा (६) र दफा १० को उपदफा (२) संग सम्बन्धित)

## PY Test Kit अनुसार परिक्षण गर्दाको नतिजा मापदण्ड

१. परिक्षण गरिएको नमुना Blank नमुनाको रंगसंग दुरुस्त मिल्न गएमा विषादी नभएको (०)

२. Blank नमुना भन्दा वढि गाढा निलो रंग (Stronger blue) देखि गाढा वैजनी रंग (Deep Purple) आएमा विषादि रहेको तर खान योग्य (+१+२)

३. परिक्षण गरिएको नमूनामा कुनै रंग नदेखिएमा स्वास्थ्यको लागि हानिकारक, खानाको लागि अयोग्य (+३)

कृषि तथा पशुपन्छी विकास मन्त्री

सचिव

अनुसूची ४

(दफा ९ को उपदफा (६) र दफा १० को उपदफा (२) संग सम्बन्धित)

## DTC Test Kit अनुसार परिक्षण गर्दाको नतिजा मापदण्ड

१. परिक्षण गरिएको नमूना Blank नमूना जस्तै कुनै रंग नदेखिएमा/परिवर्तन नभएमा - विषादि नभएको

२. परिक्षण गरिएको नमूनामा Blank नमूनाको तुलनामा गाढा निलो (Stronger blue) देखि गाढा बैजनी (Deep purple) रंगमा परिवर्तन भएमा - DTC विषादी सुरक्षित तहमा रहेको (+१,+२)

३. परिक्षण गरिएको नमुना खैरो बैजनी (Grayish purple) देखि हरियो (Green) रंग देखा परेमा - विषादि अवशेष हानिकारक मात्रामा रहेको (+३)

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार काठमाडौं

कृषि तथा पशुपन्छी विकास मन्त्री

सचिव

## अनुसूचि ६

(दफा १० को उपदफा (७) संग सम्बन्धित)

# मुचुल्का

लिखितम् जिल्ला ........................... गाउँपालिका/महा/उपमहा/नगरपालिका .................. वडा नं............स्थायी/स्थित बसोबास गर्ने वर्ष ......... को श्री ......................................., .................................ले मिति .......................... मा ...................................... मा वेचविखनका लागि/.......... नं. को सवारी साधनमा ल्याई पुऱ्याईको/विक्री भईरहेकोमा .......................................... मा अवस्थित विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालामा विषादीको अवशेष विश्लेषण गर्न प्रयोगशालाका प्राविधिकले ....................................तरकारी/फलफूलको नमूना संकलन गरी विषादी अवशेष विश्लेषण गर्दा विषादीको मात्रा "विषादी अवशेष द्रुत विश्लेषण कार्यक्रम संचालन निर्देशिका २०७५" को अनुसूची ३, ४ र ५ मा व्यवस्था भए वमोजिम उपभोगका लागि योग्य नभएको हुँदा यो मुचुल्का खडा गरी तपसिल बमोजिमका व्यक्तिहरुको उपस्थितमा तपसिल वमोजिमका कृषि उपजहरु विसर्जन गरियो ।

तपसिलः

१. विसर्जन गरिने कृषि उपजको परिमाण

- ..........................................
- ..........................................
- ..........................................

२. उपस्थिती

- ....................................
- ....................................
- ....................................
- ................................

इति संवत २०...... साल.............. महिना....................रोज..........शुभम् ।